**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ २७ गते मंगलबार ❑ 10 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## हाई अल्टिच्युड तालिमबाट २४ राष्ट्रका ३३८ जना दीक्षित

**रासस**
मुस्ताङ, २६ जेठ

मुस्ताङको घरपझोङ गाउँपालिका-५ स्थित कैसाङमा रहेको सैनिक उच्चशिखर शिक्षालयमार्फत हालसम्म 'हाई अल्टिच्युड तथा माउन्टेन वारफायर' सम्बन्धी तालिम लिएका नेपालसहित २४ राष्ट्रका ३३८ सैनिक शिक्षार्थी दीक्षित भएका छन् ।



मुस्ताङमा बर्सेनि हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी आधारभूत तथा एडभान्स तालिम सञ्चालन हुने गरेको सैनिक जनसम्पर्क निर्देशानालय काठमाडौँले जनाएको छ । मुस्ताङमा हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम सञ्चालनका लागि नेपाली सेनाको जङ्गी अड्डाले २०३२ सालमा सैनिक उच्च शिखर शिक्षालय स्थापना गरेको थियो । स्थापनाको ५०औँ वर्ष पूरा गरिसक्दा नेपालसहित विभिन्न राष्ट्रका करिब सात हजार जनाले आधार भूत तालिम प्राप्त गरिसकेको र दुई हजार ५०० जनाले हाई अल्टिच्युड तथा माउन्टेन वारफायरसम्बन्धी एडभान्स तालिम प्राप्त गरिसकेको सैनिक जनसम्पर्क निर्देशनालयका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिनुभयो । नेपाली सेनाअन्तर्गत सैनिक उच्चशिखर शिक्षालय मुस्ताङबाट एडभान्स तालिम प्राप्त गरेका शिक्षार्थीमध्ये ५१ जनाले आठ हजार मिटरभन्दा माथिको हिमाल आरोहरण गरिसकेका छन् । प्रवक्ता बस्नेतका अनुसार मुस्ताङबाट हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स पूरा गरेका शिक्षार्थीमध्ये हालसम्म २९ जनाले सगरमाथा हिमालको आरोहण गरिसकेका छन् । मुस्ताङमा एडभान्स तालिम कोर्सबाट दीक्षित शिक्षार्थीलाई हिमाल आरोहणका लागि उत्पादन गर्ने गरिएको छ । नेपाली सेनाले बर्सेनि यस प्रकारको आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यसप्रकारको आधार भूत तालिम कोर्स चार/पाँच महिनासम्म हुने र एडभान्स तालिम आवश्यकता तथा औचित्यताका आधारमा निर्धारण हुने सैनिक प्रवक्ता बस्नेतले बताउनुभयो । नेपाली सेनाले पर्वतीय क्षेत्रअन्तर्गत मुस्ताङमा समुन्द्री सतहको दुई हजार ५०० मिटरको उचाइदेखि पाँच हजार ५०० मिटरको उचाइमा हाई अल्टिच्युड आधारभूत तथा एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । हिमाली तथा उच्चपहाडी युद्धकला, चट्टान कला, हिमकला, रिभर कलालगायत सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यास तालिम दिइने गरिएको छ । नेपाली सेनाले तालिम अवधिमा वातावरण प्रदूषण घटाउन तथा जलवायु सङ्कट न्यूनीकरण गर्ने उद्देश्यले हिमाल तथा पर्वतीय क्षेत्रमा भएका फोहोरमैलाको समेत व्यवस्थापन गर्ने गरेको छ । नेपाली सेनाले बर्सेनि सफा हिमाल अभियान सञ्चालन गर्ने गरेको छ । नेपाली सेनाअन्तर्गत सैनिक उच्च शिखर शिक्षालय मुस्ताङले बर्सेनि आधार भूत तालिम समापन भएलगत्तै एडभान्स तालिम सञ्चालन गर्ने गरेको छ । यसप्रकारको एडभान्स तालिममा नेपाली सेनाका शिक्षार्थीसहित विभिन्न मुलुकका शिक्षार्थी सहभागी हुने गरेका छन् । यसै प्रयोजनका लागि मुस्ताङमा जेठ ११ देखि सेनाको हाई अल्टिच्युड तथा माउन्टेन वारफायर तालिम कोर्स सञ्चालन भएको नेपाली सेनाले जनाएको छ । तालिममा देशभरका करिब १४० भन्दा बढी सैनिक शिक्षार्थी सहभागी भएका छन् । आज जोमसोमस्थित कालीगण्डकी नदीमा बन्दोबस्तीका सामान प्रयोग गरी शिक्षार्थीलाई रिभर क्रसिङका विभिन्न विधाको अभ्यास प्रशिक्षण गराइएको छ ।

## 'खेल पर्यटनलाई अगाडि बढाउने गण्डकी प्रदेश सरकारको नीति'

**पोखरापत्र संवाददाता**
गोरखा, २६ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले खेल पर्यटनलाई अगाडि बढाउने गण्डकी प्रदेश सरकारको नीति रहेको बताउनुभएको छ ।

गोरखा सदरमुकाममा आजदेखि सुरु भएको गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि सक्दो पहल र प्रयत्न गरिरहेको बताउनुभयो । खेल क्षेत्रको विकास गर्न सानाठूला सबै प्रकारका खेलकुद प्रतियोगिताका लागि प्रदेश सरकारले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

"सीमित स्रोतसाधनका कारण प्रदेश सरकारले धेरै गर्नसक्ने अवस्था छैन, तरपनि प्रदेश सरकारले खेलप्रतिको आफ्नो दायित्वलाई सम्झेर केही न केही गरिरहेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी भएका खेलाडीलाई मासिक भत्ताको व्यवस्था गर्दै आएको सो अवसरमा मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो । पछिल्लो समय खेल क्षेत्रबाट नै आफूलाई अगाडि बढाउन चाहे पहिला जस्तो खेलाडी भोकै बस्नुपर्ने अवस्था अहिले नरहेको उहाँको भनाइ थियो । मुख्यमन्त्री पाण्डेले खेलाडीलाई खेल अवधिभरका लागि प्रदेश सरकारले बीमासहित प्रोत्साहन भत्ता र रेफ्रीका लागि स्थायी बीमाको व्यवस्था गरेको जानकारी दिनुभयो । प्रदेशले पोखरा आसपासमा अन्तराष्ट्रियस्तरको क्रिकेट मैदान बनाउने तयारी गरे पनि जग्गा उपलब्ध हुन नसकेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो ।

"खेलकुद मैदान निर्माण गर्न प्रदेश सरकारको तर्फबाट लगानी गरिएको छ, हाम्रो लगानीमा निर्माण भइरहेको मुस्ताङको हाइ अल्टिच्युट खेल मैदानलाई अहिले सङ्घीय सरकारले पनि अपनत्व लिने प्रयत्न गरेको छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो ।

प्रतियोगिता उद्घाटन कार्यक्रममा नेपाली काग्रेस गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपाने, प्रदेशसभा सदस्य सुशीला सिंखडा, गोरखा जिल्ला समन्वय समितिका प्रमुख मोहनबहादुर थापामगर, गोरखा नगरपालिकाका नगरप्रमुख कृष्णबहादुर रानामगरलगायतको सहभागिता रहेको थियो ।

## चितुवाको आक्रमणबाट छ वर्षीय बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ जेठ

बन्दीपुर गाउँपालिका-२ कुवादीमा सोमबार साँझ चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा छ वर्षीय उत्सव गुरुङ रहेको प्रहरीले जनाएको छ ।

आँगनमा खेलिरहेको अवस्थामा चितुवाले आक्रमण गरेको थियो । चितुवाको आक्रमणपछि उपचारका लागि उनलाई बन्दीपुर अस्पताल लगिएपनि चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरीका प्रहरी उपरीक्षक वीरेन्द्रबहादुर शाहीले जानकारी दिनुभयो । तनहुँको भानु, बन्दीपुर, आँबुखैरेनीमा पछिल्ला केही वर्षयता चितुवा आतङ्क बढेको छ । यसैबीच, तनहुँको घिरिङ गाउँपालिका-४ गड्यौलीटारमा करेन्ट लागेर आज एक किशोरीको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही ठाउँ बस्ने १५ वर्षीया निर्मला कुमाल रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

रुखमा घाँस काट्ने क्रममा 'हाइटेन्सन लाइन'को तार छोएर घाइते कुमालको उपचारका क्रममा बेलचौतारास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रमा मृत्यु भएको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो ।

## फेवा संरक्षणको कदमप्रति होटल संघद्वारा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

सर्वोच्च अदालतको फैसला र आदेशपछि फेवा ताल संरक्षणका लागि पछिल्लोपटक चालिएका कदमप्रति होटल संघले स्वागत व्यक्त गरेको छ ।

होटल संघ नेपाल गण्डकी र होटल संघ पोखरा नेपालका तर्फबाट हालै एक संयुक्त विज्ञप्ति जारी गर्दै फेवातालको संरक्षणका लागि चालिएका हरेक कदमप्रति संघको साथ रहने जनाइएको छ । संघको गण्डकी शाखाका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रे र संघको पोखरा शाखाका अध्यक्ष लक्ष्मण सुवेदीले जारी गरेको विज्ञप्तिमा भनिएको छ- निकै ढिला गरेर भए पनि फेवातालको सिमांकन गरेर संरक्षण गर्न थालिएको कदमको संघ हार्दिक स्वागत गर्दै तिनै तहका सरकार प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौ । तालको संरक्षण गर्नु जति जरुरी छ, तालको सिमाकंन गर्दा पीडित बनेका स्थानीय बासिन्दा, व्यवसायी र जग्गा धनीहरुको संरक्षण र व्यवस्थापन गर्नु त्यति नै जरुरी भएको विषयलाई पनि संघले जोड दिएको छ । तालको संरक्षण गर्दा व्यक्ति वा संस्थाहरुको लालपूर्जा भएको जमिनको सरकारी मुल्याङ्कन अनुसार मात्र नभएर हाल चलेको मूल्य अनुसार मुआव्जा उपलब्ध गराउन पनि अपिल गरिएको छ । राज्यका विभिन्न निकायबाट अनुमति लिएरै सञ्चालनमा रहेका व्यवसायीलाई विस्थापित गर्दा उनीहरुको संरक्षण सहितको उचित व्यवस्थापन एवं पर्याप्त क्षतिपूर्ती उपलब्ध गराउन संघले माग गरेको छ । 'ताल संरक्षणका लागि जसरी हामी सरकारको साथमा रहेका छौ त्यसरी नै व्यवसायीको व्यवस्थापन र संरक्षणका लागि जस्तो सुकै पहल गर्न वा लडाई लड्न हामी पछि नपर्ने जानकारी गराउन चाहान्छौ ।,' विज्ञप्तिमा उल्लेख गरिएको छ । पछिल्लो समयमा सर्वोच्च अदालतको फैसला, आदेश अनुसार नेपाल सरकार, गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले संयुक्त रुपमा तालको सिमांकन प्रारम्भ गरेकोमा पोखराका पर्यटन व्यवसायीहरु त्यस कार्यको विपक्षमा छन् भन्दै गरिएका वक्तब्यबाजी प्रति होटल संघले ध्यानाकर्षण भएको जनाउँदै आफ्नो भनाई बाहिर ल्याएको हो । फेवाताल पोखराको मात्र नभएर राष्ट्रकै गहना हो । यसै ताललाई आधार बनाएर पोखरामा होटल व्यवसायीले ५ खर्ब रुपैया भन्दा बढी लगानी गरेको तथ्यांक संघले प्रस्तुत गरेको छ ।

पर्यटन उद्योगका अन्य क्षेत्रमा पनि झण्डै यसैको हाराहारीमा लगानी रहेको उल्लेख गर्दै फेवाताल नरहने हो भने यो लगानी बालुवामा पानी हाले सरह हुन जाने विषय पनि स्मरण गराइएको छ । यही सन्दर्भलाई मध्यनजर गर्दै संघले स्थापना काल देखि नै ताल संरक्षणको पक्षमा बारम्बार लबिङ गर्दै आएको विषय पनि उल्लेख गरिएको छ ।


### स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि

*यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## बेगनास तालमा बेपत्ता पुरुषको शव भेटियो

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

पौडी खेल्ने क्रममा आइतबार साँझ कास्कीको बेगनास तालमा बेपत्ता गोरखाको सहिद लखन गाउँपालिका-३ का राजेश श्रेष्ठको शव सशस्त्र प्रहरी बलको गोताखोरले फेला पारेका छन् ।

गोतखोर टिमका दीपेन्द्र विष्ट र माधव भुसालले सोमबार तालको ३५ फिट गहराईबाट श्रेष्ठको शव भेटाएको कास्कीस्थित सशस्त्र प्रहरी बल, नेपालको नं. २४ गणका गणपति सशत्र प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सेनाले जानकारी दिनुभयो ।

उक्त गणका सशस्त्र प्रहरी निरीक्षक साजन श्रेष्ठको टोली शवको खोज तथा उद्धारमा खटिएको गणपति तिमिल्सेनाले जानकारी दिनुभयो । अन्य व्यक्तिसँगै डुङ्गा सयरमा निस्कनुभएका श्रेष्ठ फर्कदाँ पौडी खेल्ने क्रममा तालमा डुबेर बेपत्ता हुनुभएको थियो । श्रेष्ठको शव स्थानीय प्रहरीलाई जिम्मा लगाइएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा ट्रेकिङ गाइड र ट्रेकिङ पोटर गाइड तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

ट्रेकिङ एजेन्सीज् एशोसिएसन आफ नेपाल (टान) गण्डकीको आयोजनामा पोखरामा ट्रेकिङ गाइड र ट्रेकिङ पोटर गाइड तालिम सुरु भएको छ।

पोखरा-६ बैदाममा रहेको ताल बराही माध्यामिक विद्यालयमा संचालन हुने तालिमको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणि राज लामिछानेले उद्घाटन गरे।

कार्यक्रममा बोल्दै लामिछानेले पोखरा आउने पर्यटकको चाप बढ्ने बताए । पर्यटकको संख्या बृद्धि भएसगै पदयात्राका लागि दक्ष जनशक्ती पनि आवश्यक हुने उनको भनाई थियो।

पोखरा विमानस्थलबाट अन्तराष्ट्रिय उडानको पहल भइरहेको र भविष्यमा विदेशबाट सिधै पर्यटक पोखरा अउने भएकाले गाइडहरुलाई कामको




खाचौं नहुने लामिछानेले बताए।

कार्यक्रममा बोल्दै नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथुम) का तालिम संयोजक अजय ढकालले तालिमले सक्षम गाइड उत्पादन हुने विश्वास व्यक्त गरे । पर्यटकलाई नेपालको वारे सरल तरिकाबाट बुझाउन सक्नु सक्षम गाइडको क्षमता हुनुपर्ने ढकालले बताए। पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरि भुजेलले पर्यटक गाइडले नेपालको राजदुतको रुपमा काम गर्नुपर्ने बताए।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पर्यटक घुम्न जानका लागि गाइड अनिवार्य गर्ने तयारी भइरहको जानकारी दिए। लाइसेन्स भएको गाइडले मात्र मान्यता पाउने भएकाले तालीम संचालन गरिएको आचार्यले बताए । तालिम प्राप्त गाइडलाई कामको खाचौं नहुने आचार्यले जानकारी दिए। नेपाल पर्यटन बोर्ड र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सहकार्यमा तालिमको आयोजना गरिएको टान गण्डकीका द्धितिय उपाध्यक्ष एवं तालिम संयोजक मोहन प्रसाद सुवेदीले जानकारी दिए।

तालिमका लागि दरखास्त आह्वान गरिएकोमा र अन्तरबार्ताबाट ३ सय ५० जना छनोट पछि तालिम दिइएको हो।

तालिम पछि पदयात्राको क्षेत्रमा आवश्यक जनशक्ती आपूर्ती हुने आयोजकको विश्वास रहेको छ । टानले विभिन्न समयमा संचालन गरेका तालिमबाट तीनहजार जनाले तालिम लिइसकेको टान गण्डकीका प्रथम उपाध्यक्ष तिर्थराज सुवेदीले जानकारी दिए। ट्रेकिङ गाइडका लागि २५ दिन र र ट्रेकिङ पोटर गाइडको लागि १५ दिन तालिम दिइने टान गण्डकीका सचिव गोपालकृष्ण संग्रौलाले बताए।

कार्यक्रममा नाथुमका तालिम अधिकृत रतन साउद, ताल बाराही माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्ण न्यौपानेले तालिम वारे आफ्नो धारणा राखेका थिए।

# फोहोर व्यवस्थापनमा युवा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

विद्यार्थीहरू माझ दिगो फोहोर व्यवस्थापनको चेतना फैलाउने उद्देश्यले सरल नेपाल र युवा सक्रियता नेपालको संयुक्त आयोजनामा "प्रोजेक्ट रिपर्पस" कार्यक्रम सोमवारदेखि जनप्रिय माध्यमिक विद्यालयमा सुरु भएको छ।

नगर युवा परिषदका कार्यकारी उपाध्यक्ष सन्तोष न्यौपानेले कार्यक्रमको उद्घाटन गर्दै समुदाय विकासमा युवा सहभागिताको महत्वलाई अझ उजागर गरेको भने। विद्यालयका प्रधानाध्यापक देवी प्रसाद बास्तोकोटीलको अध्यक्षतामा सम्पन्न भयो। "प्रोजेक्ट रिपर्पस" को मुख्य विषयवस्तु "विद्यालय स्तरका विद्यार्थीका लागि रचनात्मक उत्पादनको रूपमा




फोहोर व्यवस्थापन" रहेको छ । यसले विद्यार्थीहरूलाई फोहोरको वर्गीकरण, पुनः प्रयोग र पुनरुत्पादन बारे बुझ्नका लागि एक अनुपम मञ्च प्रदान गर्ने छ। जसले अन्ततः फोहोर सामग्रीहरूलाई मूल्यवान र कलात्मक सिर्जनाहरूमा रूपान्तरण गर्ने लेक सिटी कलेजमा पत्रकारिता अध्ययनरत विजय सुवेदीले पोखरापत्रलाई वताए । कार्यक्रमलाई सफल बनाउनमा पोखरा जिल्ला संयोजक धिरज परियारको महत्वपूर्ण भूमिका रहेको छ।

परियारको नेतृत्वले सबै सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याउन ठूलो सहयोग भएको छ । कार्यक्रममा युवा सक्रियता नेपालका अध्यक्ष ऋषव दास, सरल नेपाल संस्थाका अध्यक्ष मनीष पौडेल, सरल नेपाल संस्थाका केन्द्रीय सदस्य दिपेन्द्र अधिकारी, सरल नेपाल परिवारका सदस्यहरू लगायत विद्यालय परिवारको उत्साहजनक सहभागिता रहेको थियो।

# आर्वा विजय माबिमा कानुनी प्रशिक्षण तथा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

पोखरा महानगरपालिका वडा नं १३ ढाँडबेसीमा अबस्थित आर्वा विजय माविको आयोजना, पो.म.न.पा. न्यायिक समितिको आर्थिक सहयोग र पोखरा १३ वडा कार्यालयको समन्वयमा विद्यार्र्थीसंग न्यायिक समिति कानुनी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सोमबार सम्पन्न भयो।

पोखरा महानगरपालिकाकी उपप्रमुख तथा न्यायिक समिति संयोजक मन्जुदेबी गुरुङको प्रमुख आतिथ्यतामा संचालित उक्त कार्यक्रममा पो.म.न.पा. न्यायिक समिति सदस्यहरु कालिदास




पोखेल र रजनी परियारले कानुनी प्रशिक्षण दिएका थिए । उक्त कार्यक्रममा आर्वा विजय माविका सम्पुर्ण विद्यार्थीहरु, वि.व्य.सका पदाधिकारीहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु र सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भवसागर बरालको अध्यक्षता भएको कार्यक्रमको संचालन प्रधानाध्यापक पद्मादेवी बरालले गरेकी थिइन्।

# नेपालमा पर्यटक बढि ल्याउन भिसा सहज बनाउनु पर्दछ– हङकङ डिस्ट्रिक्ट काउन्सिलर गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

हङकङकी डिस्ट्रिक्ट काउन्सिलर अरुणा गुरुङले नेपाल पर्यटक बढाउनका लागि भिजा प्रक्रिया सहज बनाउनु पर्ने बताएकी छन्।

पोखरा पर्यटन परिषद्ले पोखरामा आयोजना गरेको स्वागत कार्यक्रममा गुरुङ नेपाल हङकङबाट पर्यटक बढाउने हो भने भिसा दिने प्रक्रिया सहज बनाउनु पर्ने बताइन् । उनले नेपाल आउनका लागि ६ हप्ता पहिल नै भिसा एप्लाई गर्नु पर्ने अहिलेको प्रक्रियालाई सहज बनाउनु पर्ने उनको भनाई छ । सके अनएराइभल भिसा दिए हुन्छ उनले भनिन् नभए एक हप्ता भन्दा लामो समय लाग्ने प्रक्रियालाई सहज बनाउनु पर्ने बताइन्। उनले हङकङ सरकारले पर्यटन क्षेत्रमा




धेरै लागनी गरेको भन्दै नेपाल सरकार पनि लाग्नु पर्ने बताइन्। उनले नेपाल र पोखरामा पर्यटक बढाउन आफुहरुले विभिन्न योजना बनाएको बताइन्। पोखरा विमानस्थलबाट सिधै हङकङ उठानका लागि पहल गर्ने उनले बताइन् । हङकङमा ३० हजार नेपाली रहेकामा आधा गण्डकी प्रदेश कै भएको बताउदै पोखराबाट हङकङ सिधा उडान सम्भव भएको बताइन् । अहिले काठमाडौ दिनहु उडान भएका कारण पोखराबाट पनि हप्तामा एउटा उडान हुन सकने बताइन्।

कार्यक्रममा एनआरएनए हङकङका कुल प्रसाद गुरुङले पोखरामा पर्यटक बढाउन आफुहरु लागेको बताए। पोखरा र नेपालका विभिन्न ठाउँको हङकङमा प्रचार प्रसार गर्ने गरेको बताए । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले उनीहरुलाई स्वागत गर्दै नेपालमा हङकङबाट अन्य देशका पर्यटकहरु पनि आउने हुदाँ नेपाल बारे प्रचार प्रसार आवश्यक रहेको बताए । कार्यक्रममा पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष गणेश भट्टराईले पोखरा विमानस्थल तयार भएका कारण हप्ता एक दिन भए पनि पोखराबाट हङकङ सिधा उडान हुनुपर्ने बताए। पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष सुर्य बहादुर भुजेल, चिरञ्जीवि पोखरेल, परिषद्का उपाध्यक्ष चौ बहादुर गुरुङ, नाट्टा पोखरा अध्यक्ष किशोर दाहाल, परिषद्का महासचिब जीवनराम सापकोटा लगाएतले पोखराको प्रचार प्रसार हङकङमा हुन सके पर्यटक बढ्नेमा जोड् दिए । उनीहरुले पछिल्लो समय हङकङ र चीनबाट आउने पर्यटक घट्दै गएकाले पनि प्रचार प्रसारमा ध्यान दिनु पर्ने बताए।

# मुग्लिन पोखरा सडक विस्तार : पश्चिम खण्डमा ५३ प्रतिशत काम सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

मुग्लिन पोखरा सडक विस्तार अन्तरगत पश्चिम खण्डमा ५३ प्रतिशत काम भएको छ।

तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको खण्डमा हालसम्म आधा काम सकिएको मुग्लिन पोखरा सडक योजना (पश्चिम खण्ड) ले जनाएको छ। योजना प्रमुख कृष्णबहादुर कुँवरले २४ किलोमिटर खण्डमा दुईतर्फी र १२.८ किमी खण्डमा एकतर्फी कालोपत्र सकिएको जानकारी दिनुभयो । पश्चिम खण्डतर्फ तीन किमी एकतर्फी बाँकी कालोपत्र गर्न बाँकी रहेको र जेठको अन्तिमसम्म एकतर्फी कालोपत्र सक्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो।

पश्चिम खण्डतर्फ १२ मध्ये दश पुल सम्पन्न भएको छ, भने एक सय कल्भर्टमध्ये ९२ वटा कल्भर्ट निर्माण सकिएको उहाँले बताउनुभयो। यो खण्डमा चार सय २४ विद्युत् पोल हटाउन बाँकी रहेको र यसले गर्दा काममा केही ढिलाइ भएको उहाँको भनाइ छ। तालचोकदेखि आदर्शचोकसम्म रडाँडाकोनाकदेखिविजयपुरसम्मको पोल हटाउन ढिलाइ हुँदा काममा समस्या भएको उहाँले बताउनुभयो । उक्त पोल एक साताभित्र हटाउने भन्ने प्रतिबद्धता आएकाले असार मसान्तसम्म कोत्रेदेखि सेतीपुलसम्मको चार लेन काम सम्पन्न गरिसक्ने उहाँले बताउनुभयो। विसं २०७८ जेठ ३ गते सम्झौता भएको यो खण्डको काम गर्ने म्याद विसं २०८२ पुस १६ गतेसम्म रहेको छ । यो खण्डको ठेक्का एनहुई केयूएन हाइवे एन्ड ब्रिजले रु सात अर्ब ४० करोडमा पाएको थियो । पूर्वीखण्ड अन्तरगत आँबुखैरेनीदेखि जामुनेसम्मको काम भने करिब अन्तिम चरणमा पुगेको छ। यो खण्डको काम ८५ प्रतिशत सकिएको छ। आँबुखैरेनीदेखि जामुनेसम्मको खण्डमा कालोपत्र करिब सकिएको इञ्जिनीयर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो। यो खण्ड अन्तरगत अब मादी पुल नजिक र विमलनगरको एकतर्फी मात्रै कालोपत्र गर्न बाँकी छ । दमौली बजारमा पनि कालोपत्र अन्तिम चरणमा पुगेको छ।

यो खण्डको म्याद तेस्रो पटक थपिएकामा आगामी २९ गतेसम्म रहेकामा त्यसअवधिभित्रै काम सम्पन्न गरिने पाण्डेले बताउनुभयो।

# जनप्रिय क्याम्पसका छात्रालाई उद्यमशील क्षमता विकास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ

जनप्रिय बहुमुखी क्याम्पस पोखराको आयोजना र विश्वविद्यालय अनुदान आयोग, भक्तपुरको सहयोगमा छात्राहरूको क्षमता अभिवृद्धिका लागि तिन दिने उद्यमशील सहयोगी तालिम सुरु भएको छ।

कार्यक्रमका प्रमुख अतिथि एवम् जनप्रिय क्याम्पस सञ्चालक समितिका अध्यक्ष वीरेन्द्रनारायण विजुक्छेले तालिमको उद्घाटन गर्दै भने 'छात्राहरूले सिप र उद्यमशील तालिमपछि पढ्दै कमाउँदै गर्न सके विदेशको सपना देख्नु पर्दैन ।' विजुक्छेले महिलाहरूको क्षमता अभिवृद्धिका लागि सिप र उद्यम आत्मनिर्भर एवम् स्वरोजगारको शक्तिशाली हतियार भएको हुँदा तालिमले अब्बल बनाउन बताए। क्याम्पस प्रमुख कृष्णबाबु बरालले स्वागत मन्तव्य राख्दै क्याम्पसको मुख्य मर्म नै 'सिप, प्रविधि र उद्यमशीलता : शिक्षामा जनप्रियको गतिशीलता भएको हुँदा प्रशिक्षार्थी छात्रालाई उद्यमशील कर्ममा लाग्न सुझाए । बरालले उद्यम




र प्रविधिलाई आत्मसात गरेर स्वरोजगार बन्न सकिने साथै अरूलाई पनि जागिर दिन सकिने जनाए । विधाता हस्तकला तथा प्राविधिक तालिम केन्द्रकी सञ्चालक एवम् प्रमुख सहजकर्ता सविता श्रेष्ठ रञ्जितले आफ्नै जीवनको उदाहरण प्रस्तुत गर्दै छात्राहरूका लागि उद्यमशील तालिमले शिक्षा र आत्मनिर्भरता दुबै क्षेत्रमा परिवर्तन ल्याउने विश्वास दिलाइन्। उनले आफ्नो अनुभव सुनाउँदै भनिन 'अर्थशास्त्रमा डिग्रीको पढाइ पूरा गरेँ, सरकारी जागिर त्यागेर सियो धागो समाएँ, उद्यम सुरु गरेको १५ वर्षको अवधिमा ५ हजारभन्दा बढी महिलालाई सिप हस्तान्तरण गर्न पाउँदा नै आफूलाई सन्तुष्ट मिलेको छ।' सहायक क्याम्पस प्रमुख नवीनराज खनालले उद्यमशील तालिमले छात्राहरूमा उद्यमशील सोच, स्वरोजगार र व्यावसायिक कौशल विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको उल्लेख गरे। कार्यक्रम संयोजक दिव्यालक्ष्मी चालिसेले स्नातक तहका छात्राहरूका लागि तालिमले व्यावसायिक क्षमताको विकासमा सघाउने हुँदा प्रशिक्षार्थीहरूको दक्षता हासिल गर्ने मार्ग खुल्ने शुभकामना दिइन। जेठ २६ गतेदेखि २८ गतेसम्म सञ्चालित तालिममा विविएस, विआइएम र विएमटिमका ३० जना छात्राहरूको सहभागित रहेको छ । सहजकर्ता अनुपमा तिवारीले तालिमपछि इच्छुक प्रशिक्षार्थीलाई सिप सिक्न र उद्यम व्यवसाय गर्नका लागि विधाता हस्ताकलाले थप सहजीकरण गर्ने भएको जानकारी उपप्रशासक एकनारायण अर्यालले दिए।

# तमानखोला गाउँपालिका पूर्णखोप सुनिश्चित घोषणा

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ जेठ

यहाँको तमानखोला गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ।

जन्मेदेखि १५ महिना उमेर समूहका १६३ जना नियमित खोप लगाइरहेको र १६ देखि २४ महिना उमेर समुहका ११४ जनालाई खोप दिएपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको हो । गाउँपालिकाका छवटै वडाका स्वास्थ्य संस्थाबाट बालबालिकालाई खोप दिँदै आएको स्वास्थ्य शाखा प्रमुख तिलबहादुर छन्त्यालले बताउनुभयो । सुरुमा सबै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरेको उहाँको भनाइ छ । राष्ट्रिय खोप तालिकाअनुसार तोकिएका उमेर समूहका बालबालिकाले सबै खोपको मात्रा पूरा गरेको छन्त्याल बताउनुहुन्छ । बालबालिकाले पोलियो, दादुरा, हेपाटाइटिस, जापानीज इन्सेफ्लाइटिस, रुबेला, झाडापखाला, टाइफाइडलगायत रोगहरूको विरुद्धमा पाउनुपर्ने विभिन्न १३ प्रकारका खोपको सबै मात्रा पूरा गरेको उहाँको भनाइ छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो। - मार्कस औरिलिअस्

## सम्पादकीय

# भिजिट भिसाको सुइ प्रशासनिक नेतृत्व तिर

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै विपक्षी दलले संसद् अवरोध गर्दै आएका छन् । प्रतिनिधिसभा बैठक बुधबार सम्मका लागि स्थगन भएको छ। सोमबार पनि संसद् अवरुद्ध भएको थियो। संसद् अवरुद्ध हुँदा जेठ १५ गते सदनमा प्रस्तुत भएको आगामी वर्षको बजेटमा छलफल सुरु हुन सकेको छैन। जेठ २० गतेबाट लागातार बैठक अवरुद्ध हुँदा सदन सुचारु हुन सकेको छैन। जेठ १३ गतेदेखि संसद बैठक अवरुद्ध गरेका विपक्षीले बजेट पेस गर्नु दिएका थिए।

भिजिट भिसाबारे अख्तियारदुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको हुँदा संसदीय र न्यायिक छानबिन बनाउन आवश्यक नहुने सत्तारुढ दलहरुको जिकिर छ। विपक्षी राष्ट्रिय स्वतन्त्र पार्टी गृहमन्त्रीलाई राजीनामा गर्न अड्डी लिएको छ। बजेट ल्याउन सरकारलाई सहयोग गरेका विपक्षी छलफल गर्न र जनताका समस्यालाई सम्बोधन गर्न अवरोध गरिरहेका छन । काङ्ग्रेस नेतृत्व र सभामुख देवराज घिमिरेले सदनको गतिरोध अन्त्य गर्न प्रयास गरिरहेका छन । सहमतिबाट समाधान हुन्छ भन्ने मान्यतामा संवाद बैठक स्थगन भएको छाविपक्षीको हलो अड्काउने काम निरन्तर छ। सामजिक संजाल र संचार माध्यमा छाएको विषयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले चासो दिएको छाप्रधानमन्त्री कार्यालयले जेठ २१ गते गृहसचिव लोकमणि दुवाडीलाई सात दिनभित्र दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्न निर्देशन दिएको छ।

"दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धमा गृह सचिवलाई प्रधानमन्त्री कार्यालयले पत्र पठाएको छ" प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्यले "सात दिनभित्र दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गरेको विवरण पठाउन पत्रमा भनिएको जानकारी दिएका छन। गृहसचिव दुवाडीले दरबन्दीभन्दा बढी कर्मचारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा खटाएको भेटिएपछि स्पष्टीकरण सोधिएको छ।" गृहसचिवले सात दिनभित्र जवाफ नपठाए कानुनअनुसार कारबाही प्रक्रिया अगाडि बढाउन बाध्य हुन्छौँ भन्ने पत्रमा उल्लेख छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसा सम्बन्धमा अनुसन्धान गर्दा गृहसचिवले दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन कार्यालयमा खटाएको पाएको थियो । त्यसपछि अख्तियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पठाएर के भएको हो बुझ्न भनेको थियो। "अख्तियारले किन दरबन्दीभन्दा बढी कर्मचारी खटाइएको हो बुझ्न भन्दै प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएपछि प्रधानमन्त्री कार्यालयले गृह सचिवलाई पत्र पठाई यथार्थ बुझ्न खोलेको छ।

गृहसचिव दुवाडीले दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन कार्यालयमा खटाएको र उनीहरूले सेटिङमा भिजिट भिसामा नेपालीलाई विदेश पठाउन मानव तस्करहरूलाई सघाएको भन्दै अख्तियारमा उजुरी परेको थियो। उजुरीमा दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन पठाएर गृहसचिव दुवाडीले अनियमितता गरेको आरोप लगाउँदै उनीमाथि अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ। अख्तियारले सोही उजुरी साथमा राखेर गृहसचिवको कार्य बुझ्न भन्दै प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएको थियो। त्यसपछि प्रधानमन्त्री कार्यालयले गृहसचिवलाई पत्र पठाएको हो । "यसअघि पनि दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्नुस् भनि दुई-तीनपटक पत्र पठाएको हो। तर जवाफ आएन। अहिले अख्तियारले भनेपछि फेरि पत्र पठाएको प्रधानमन्त्री कार्यालयको भनाइले गाँठोलाई कसिलो बनाउन खोजेको देखिन्छ।

गृह मन्त्रालयअन्तर्गतका केही कार्यालयहरूमा दरबन्दीभन्दा बढी कर्मचारी खटाइएको तर केही कार्यालयमा दरबन्दी जति पनि कर्मचारी नहुँदा काममा असर गरेको बुझाई अख्तियार र प्रधानमन्त्री कार्यालयको छ । "कतै कर्मचारी नपुग्ने तर कतै बढी राख्न त भएन । त्यसैले दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्न भनिएको प्रधानमन्त्री कार्यालयलको भनाइले गृह मन्त्रालयको प्रशासनिक नेतृत्व सजिलोसँग उम्किन सक्दैन। प्रशासनिक नेतृत्वको कमजोरीलाई राजनीतिक नेतृत्वलाई थोपरेर धान खाने मुसो चोट पाउने भ्यागुतो हुने त होइन भन्ने ख्याल गर्नुपर्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# लुलाङमा केन्द्रीय प्रसारण लाइनको बिजुली

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

धवलागिरि गाउँपालिका-२ लुलाङमा केन्द्रीय प्रसारण लाइनको बिजुली पुगेको छ।

नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको 'उज्यालो म्याग्दी' कार्यक्रमअन्तर्गत सो गाउँपालिकाको केन्द्र मुना हुँदै लुलाङमा केन्द्रीय प्रसारण लाइनको बिजुली पुगेको हो।

मुख्य शाखा लाइनको पोल गाड्ने, तार तान्ने र १०० केभिए क्षमताको ट्रान्सफर्मर जडान गरेर विद्युत् आपूर्ति गराइएको धवलागिरि-२ का वडाध्यक्ष अकप्रसाद कुमाईले जानकारी दिनुभयो । "परीक्षण सफल भएको छ, उपभोक्ताको घरघरमा वाइरिङ र मिटर बक्स जडान गरेर बिजुली बाल्ने काम भइरहेको छ," उहाँले भन्नुभयो, "मिटरबक्स जडान भइसकेको नयाँ वनमा गत फागुनमा नेपाल टेलिकमले राखेको मोबाइलको बिटिएस टावर सञ्चालनमा आएको छ।" विद्युत् अभावमा मोबाइल टावर सञ्चालन हुन सकेको थिएन। लुलाङ, लमसुङ, खोरिया र मरेनी टोलमा केन्द्रीय लाइन पुगिसकेको छ । यहाँका बासिन्दाले हाल उज्यालोका लागि लघुजलविद्युत् परियोजना र सौर्य ऊर्जा प्रयोग गर्दै आएका थिए । दरखोला जलविद्युत् आयोजनामा पटक-पटक समस्या आउन थालेपछि लुलाङवासी समस्यामा परेका थिए। साबिक लुलाङ गाविसमा ३७० घरपरिवारको बसोबास छ। म्याग्दीका १४ स्थानका दुई हजार १८३ घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तारका लागि प्राधिकरणले आर्थिक वर्ष २०८०/८१ देखि रु २२ करोड बजेटको योजना सञ्चालन गरेको छ । यस योजनामार्फत यसअघि मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ३ डाडागाउँ, पात्ले, वडा नं ४ ओखरबोटका६००,धवलागिरिको मलम्पारका १५० र बुलका ४५ घरमा विद्युतीकरण भइसकेको छ । मालिका गाउँपालिकाको चिउरीबोट, महभिर र धवलागिरि गाउँपालिकाको मल्कवाङमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको नेपाल विद्युत् प्राधिकरण बेनी वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले बताउनुभयो । यो ठेक्कामार्फत धवलागिरि-१ को गुर्जाबाहेकका बस्तीमा केन्द्रीय विद्युत् सुविधा पुग्ने उहाँले बताउनुभयो।

# सङ्घीय अस्पतालमा दुई हजारभन्दा बढी जनशक्ति थप्ने तयारी

**रासस**
काठमाडौं, २६ जेठ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सङ्घीय अस्पतालमा दुई हजारभन्दा बढी स्वास्थ्य जनशक्ति थप्ने तयारी गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले बिरामीको चापअनुसार लामो समयदेखि थप हुन नसकेकामा अर्थ मन्त्रालयसँगको सहमतिमा स्वास्थ्य जनशक्ति थप गर्न प्रक्रिया अघि बढाउनुभएको थियो।

यसका लागि मन्त्रालयका सहसचिव ऋषि आचार्यको नेतृत्वमा आन्तरिक कार्यदल गठन गरिएको थियो । उक्त कार्यदलले दुई हजार १०२ जनशक्ति थप गर्न सकिने गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन दिएको छ। यसमा अस्पताल तहमा थप गर्न सकिने प्राविधिक जनशक्तिको सङ्ख्या अधिक छ।

पाँच वर्षसम्म हरेक वर्ष जनशक्ति थप्ने गरी तयार पारिएको सङ्गठन संरचनामा देशको सबैभन्दा ठूलो वीर अस्पतालमा ७७७ जनशक्ति थप्नुपर्ने जनाइएको छ। यस्तै, वीरअन्तर्गतकै ट्रमा सेन्टरमा ९० जनशक्ति थप्न सकिने उल्लेख छ । यसैगरी कान्ति बाल अस्पतालमा ७८, परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा १७३, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा ३१७ स्वास्थ्य जनशक्ति थपिने छन् । यीबाहेक कोशी अस्पतालमा १७२, नारायणी अस्पतालमा ३१८ तथा भेरी अस्पतालमा १७९ जनशक्ति थप हुनेछन् । गजेन्द्रनारायण स्मृति अस्पताल राजविराजमा १४४ जनशक्ति थपिँदा चितवनको भरतपुर अस्पतालले ४६५ जनशक्ति पाउनेछ। डडेल्धुरा अस्पतालमा ५२ तथा औषधि व्यवस्था विभाग र प्रयोगशालामा गरी ४० जनशक्ति थप गर्ने गरी सङ्गठन संरचना गरिएको छ। आज प्रतिवेदन ग्रहण गर्दै मन्त्री पौडेलले सरकारी स्वास्थ्य संस्थामा चाप अत्यधिक भए पनि लामो समयसम्म जनशक्ति थप नहुँदा सेवा दिन कठिनाइ भइरहेको र यस कार्यले केही हदसम्म समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो । जनशक्ति पूर्तिपछि विभिन्न अस्पतालमा रहँदै आएका अस्थायी र करारको दरबन्दी घटेर स्थायित्व प्राप्त गर्न मद्दत पुग्ने ठानिएको छ । विसं २०६६ मा केही जनशक्ति थप भए पनि त्यसयता विस्तृत रूपमा सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण हुन सकेको थिएन । यस प्रतिवेदनको कार्यान्वयनले बढ्दो चाप सामना गर्दै रिक्त जनशक्ति पूर्ति तथा रोजगारी सिर्जनामा समेत मद्दत पुग्ने अपेक्षा गरिएको छ।

# कोटिहोममा यज्ञको पूर्णाहुति

**पोखरापत्र संवाददाता**
पोखरा, २६ जेठ



पोखरामा जारी श्री गण्डकी शतकुण्डीय गायत्री कोटिहोम विराट ज्ञान महायज्ञमा सोमबार यज्ञको पूर्णाहुति भएको छ । चर्चित धर्मगुरु कालिदास वावा (काली बाबा) ले यज्ञको पूर्णाहुति गरेका हुन्।

अमेरिकामा रहेका काली बाबा अमेरिकाबाट दिल्ली हुँदै काठमाण्डौंसम्मको लामो यात्रा गरेर यज्ञको पूर्णाहुति भएको महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजले जानकारी दिए।

'यज्ञको पूर्णाहुति कसबाट गर्ने भन्ने भएको थियो । समय छोटो थियो तर यति लामो यात्र गरेर यज्ञ पूर्णाहुति गर्न आउनुभयो यहाँ प्रति आभारी छौ' उनले भने, 'काली बाबाको कोटिहोम उपस्थिति यज्ञ प्रवित्र वनेको छ।' यज्ञको पूर्णाहुति गर्न आएका काली बाबाले महायज्ञका सङ्कल्पकर्ता बालयोगेश्वर श्री विजय कृष्णमूर्तिजी महाराजलाई यज्ञ संम्राटको उपमा दिए। 'यति ठूलो कोटिहोम न हिजो भयो न भोलि हुन्छ त्यो हिम्मत साथ बालयोगेश्वर गर्नुभयो' उनले भने 'यज्ञ संम्राट यज्ञ महापुरुषको रूपमा स्थापित हजुरलाई म कोटि कोटि नमन गर्दछु।

यज्ञको पूर्णाहुति गरि एसँगै होमन लगायतका पाठ परायणका सम्पूर्ण कार्य आज देखि नै समापन भएको महायज्ञ प्रचार प्रसार संयोजक लेखराज ढकाललाई जानकारी दिए । उनका अनुसार कोटीहोममा सहभागी भएका चार सय बढी ब्राम्हणलाई पनि सम्मानका साथ सोमबार नै बिदाइ गरिएको छ । साथै व्रतबन्ध, चौरासी पूजासहित अन्य सम्पूर्ण कर्म पनि समापन भएको छ।

गते महिना वैशाख १९ गते बिहान ६ बजेर ४५ मिनेटमा विधिवत् रूपमा अग्नि मन्थन, ७ बजेर १५ मिनेटमा यज्ञ कुण्डमा अग्नि प्रवेश, ७ बजेर १९ मिनेटमा अग्निमा समिधा दान र ८ बजेर ५ मिनेटमा अग्नि कुण्डमा आहुति प्रदान गरी सुरु भएको हवन कुण्डको आज पूर्णाहुति गरिएको हो । हवन कुण्डमा ३/३ जना ब्रामणले कोटी होममा दिन दिनै भगवती गायत्री मन्त्र विधिबाट हवन गरेका थिए । कोटी होममा १०८ भागवत महापुराण पाठ परायण, ४ वेद पाठ परायण, सप्त चण्डी, अति रुद्री, मन्त्र जप लगायतमा ब्रामणले पाठ गरेका थियो । महायज्ञको विधिवत् पूर्णाहुति गरी अभिषेक र महाप्रसाद ग्रहण गरिएको थियो।

यज्ञको पूर्णाहुतिसँगै भोलि देखि तिलक र भस्म वितरण गरिने कार्यक्रम रहेको संयोजक ढकालले जानकारी दिए । उनका अनुसार यज्ञमा राखिएका जल सहितका कलश पनि बुकिङ गरेकाले घरमा लैजान पाउनेछन् । यसै गरी मानव सेवा फाउन्डेसनलाई सोमबार पोखरावासीले जग्गा दान गरेका छन् । पोखरामा मानव सेवा फाउन्डेसनको भवन निर्माण गर्ने उद्देश्य सहित पोखरा-५ प्रस्याङ् निवासी गंगा केसीको परिवारले २ रोपनी जग्गा प्रदान गरेको मानव सेवा फाउन्डेसन नेपालका व्यवस्थापक विष्णु थापाले जानकारी दिए। त्यस स्थानमा आश्रम बनाएमा अझै जग्गा थप गर्ने केसीले जानकारी दिइन् । कोटिहोममा अहिले सम्म ३० लाख भक्तजनले कोटिहोमको दर्शन गरेका छन्।

कोटिहोममा नेपाल वैद्धिक महर्षी फाउन्डेसनका केन्द्रीय अध्यक्ष तथा पूर्व गृह राज्य मन्त्री दीपक प्रसाद वास्कोटा, पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलन कुमार थापाले, मोटिभेटर विश्वराज गौतमले कोटिहोमले एकताको सन्देश दिएको बताएका थिए। भागवत मञ्जरी दासीले कोटीहोममा जेठ १७ देखि श्रीमद्भागवत कथा वाचन गरिरहेकी छन् । उनले जेठ ३१ सम्म कथा वाचन गर्ने कार्यक्रम रहेको संयोजक ढकालले जानकारी दिए । पोखरा-१७ स्थित सदाशिवजी सिद्देश्वर हरिहर मन्दिरको जग्गा र आसपासका स्थानीयको जग्गामा कोटिहोम सञ्चालन भइरहेको छ। कोटिहोम जेठ ३१ गतेसम्म सञ्चालन हुनेछ।

# 'जहाँ मध्यरातमा चिच्याएर वर मागिन्छ'

**खेमराज गौतम**
बागलुङ, २६ जेठ/रासस



सत्यवती बर्जु मन्दिरलाई धेरैले चिच्याएर वर माग्ने ' बहिरी देवी' रूपमा चिन्छन्। बर्जु कान सुन्नुहुन्न, उहाँ बहिरी हुनुहुन्छ, त्यसैले उहाँलाई सुनाउन चिच्याउनुपर्छ । जति सकिन्छ त्यति चर्को चिच्याउने हो त्यही पनि मध्यरातमा । बागलुङको बरेङ गाउँपालिका-३ बाटाकाचौरको साग्दीमा पर्ने सत्यवती बर्जु मन्दिरमा चिच्याएर वर मागे मात्र पूरा हुन्छ भन्ने आस्था र मान्यता छ। मागेको पुग्ने साक्षात् देवीको स्वरुपको धार्मिक शक्तिपीठको रूपमा साग्दी सत्यवती बर्जु मन्दिर चर्चित छ। यहाँ दैनिक धार्मिक मात्र होइन, अन्य पर्यटक पनि पुग्छन्। विशेष पूजाको समयमा एकै दिन एक लाखभन्दा बढी दर्शनार्थी मन्दिर पुग्छन्।

भिरमा अडिएको चट्याङमा बसेकी सत्यवती बर्जुको दर्शन र पूजाआजामा भक्तजनलाई असहज भएपछि गाउँपालिका र प्रदेश सरकारको समेत सहयोगमा विभिन्न संरचना निर्माण गरिएको छ। साग्दी सत्यवती बर्जु मन्दिरमा सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार, बरेङ गाउँपालिका र वडा कार्यालयको संयुक्त लगानी रहेको छ । अहिलेसम्म एक करोडभन्दा बढीको पर्यटकीय पूर्वाधार निर्माण भइसकेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिनुभयो । २०७४ सालदेखि मन्दिरमा संरचना बनाउन थालिएको र अहिलेसम्म एक करोडको पूर्वाधार निर्माण भइसकेको छ । प्रवेशद्वार, पदमार्ग, विश्रामस्थल, खानेपानी, बलि दिने स्थान व्यवस्थापन तथा पर्खालगायतका पूर्वाधार निर्माण गरेपछि मन्दिर चिटिक्क देखिएको छ। मन्दिरभित्र सत्य देवीको मूर्ति रहेको छभने मन्दिर नजिकैको जलकुण्ड छ । जलकुण्डको पानी वर्षैभरि एकैनास रहने गर्दछ। यस मन्दिरमा मध्यरातमा चिच्याएर वर माग्ने अनौठो परम्परा रहँदै आएको छ । मन्दिरमा भाकल गरेको कुरा पूरा भएको भन्दै पुनः मन्दिरमा आउनेहरूको सङ्ख्या समेत उल्लेख्य रहेको वडाध्यक्ष शेरबहादुर खनालको भनाइ छ। मन्दिरमा बर्सेनि मङ्सिर शुक्ल पक्ष धान्य पूर्णिमाका दिन विशेष पूजा गर्दै जलकुण्डमा चिच्याएर वर माग्ने प्रचलन रहेको छ।

मन्दिर निकै पुरानो भएको प्रमाणित गर्ने १९२४ साल लेखेको घण्टी रहेको छ। मन्दिरमा रहेको १७५ वर्ष पुरानो घण्टीले मन्दिर र यसको इतिहास निकै पुरानो भएको प्रमाणित गर्ने साग्दी सत्यवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष होमबहादुर श्रीसले बताउनुहुन्छ । त्यहाँ आएका पर्यटकहरूबाट गतवर्ष मात्रै पाँच लाख भेटी सङ्कलन भएको थियो । उक्त भेटीले मन्दिर मन्दिर निर्माणलगायत संरचानामा खर्च गरिएको मन्दिर व्यवस्थापन समितिका अनुसार अध्यक्ष होमबहादुर श्रीसको भनाइ छ । मन्दिरलाई सत्यका रूपमा पूजा गरिँदै आइएको छ । परापूर्वकालमा मन्दिर भएको स्थानमा गौचरन रहेको थियो। "गौरचनको मुख्य भागमा पानीको कुण्ड रहेको र पानीको कुण्डमा गाईवस्तु खस्न सक्ने भन्दै स्थानीयले ढुङ्गा तथा मुडाहरू राख्ने गरेका थिए, तर भोलिपल्ट गोठालाले कुण्डमा राखिएको मुडा र ढुङ्गा नदेखेपछि यस कुण्डमा सत्यता रहेको भन्दै बाराकोटबाट लामा झिकाएर पूजा गर्दा कुण्डमा शक्ति रहेको पाइएको थियो" व्यवस्थापन समितिका अध्यक्ष श्रीसले भन्नुभयो, "धार्मिक महत्व बोकेको सत्यवती मन्दिरको विशेष सत्यता मानिने जलकुण्ड हुग्दिशिर बराहकोटका मनबीर काउचाले १९२५ सालमा फेला पारी त्यस जलकुण्डको धार्मिक सत्यता छ भनी पूजा गरिँदै आएको हो।"

यस्तै गाईले जलकुण्डमा पानी खाने क्रममा खाल्टोमा खस्न गई गाईबाट कान नसुन्ने माताको उत्पन्न भएको किंवदन्ती रहेको छ। सत्यवती बर्जु माताले कान नसुन्ने भएकाले चिच्याएर वर माग्ने गरेको छ । राति १२ बजेदेखि बिहान ३ बजेभित्र चिच्याएर वर माग्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको छ। मन्दिरको कुवामा एक पटक र मन्दिर माथिको खाल्टोमा अर्को पटक चिच्याएर वर माग्ने गरिन्छ। दिउँसो मागेको वर लाग्दैन र वर माग्दा एकले अर्कोलाई चिन्नु हुँदैन भन्ने विशवासका कारण रातको समयमा माग्ने परम्परा रहेको छ। यहाँ बागलुङ, म्याग्दी, गुल्मी, पर्वत, कास्की, तनहुँ, पाल्पा, चितवन, काठमाडौँ, बुटवल भैरहवालगायतका देशका विभिन्न स्थानबाट यहाँ आउने गरेका छन् । भक्तजनले मागेका कुराहरू सत्यवती बर्जुले पूरा गरिदिने धार्मिक जनविश्वासको आधारमा राँगा, कुखुरा, बोका, परेवाको बलि दिने वा परेवा उडाउने प्रचलन रहँदै आएको छ।

# सदरमुकाममै सडक एक दशकदेखि जीर्ण

**पोखरापत्र संवाददाता**
पर्वत, २६ जेठ

जिल्ला सदरमुकाम कुश्मा बजारभित्रकै एक सडक विगत १० वर्षदेखि जीर्ण छ। कुश्मा नगरपालिका-५ स्थित बडगाउँको सडक जीर्ण बनेको दशक नाघिसक्दासमेत मर्मतका लागि कसैले चासो दिएका छैनन् । सडक मर्मत हुन नसक्दा जोखिमपूर्ण तवरमा यातायातका साधन सञ्चालन भइरहेका छन् ।

प्रदेश अस्पताल गेटदेखि सशस्त्र प्रहरी बल २५ नम्बर गण चण्डिकासम्मको ५०० मिटर सडक पुनःनिर्माण हुन नसस्दा यात्रु हिँड्न तथा सवारीसाधन सञ्चालन गर्न समस्या हुने गरेको स्थानीय थमनारायण पौडेलले बताउनुभयो । अस्पताल पुग्ने सडकको अवस्थाप्रति कसैले चासो नदेखाएको उहाँले बताउनुभयो ।

दैनिक ३०० बढी बिरामी उपचारका लागि आउने अस्पताल आसपासको सडक मर्मत तथा पुनःनिर्माणमा कसैले चासो नदिएको अस्पताल व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष शङ्कर गिरीले बताउनुभयो । यही सडक हुँदै पूर्वाधार विकास कार्यालय, सशस्त्र प्रहरी बल, सीप विकास, अनुसन्धान कार्यालय, जिल्ला अदालत, हुलाक, कृषि ज्ञान केन्द्र, खानेपानी, शिक्षा, नापी, मालपोत, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सरकारी वकिलको कार्यालय, पशु विज्ञ केन्द्र, जिल्ला स्वास्थ्य, नेपाल पत्रकार महासङ्घलगायतका कार्यालय जाने आउने सडकको अवस्था जीर्ण छ।

एक वर्ष अघि सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङमा सडक मर्मतका लागि हारगुहार गर्दै नागरिकको हस्ताक्षरसहित डेलिगेसन पुगे पनि बेवास्ता गरेको अस्पतालका निवर्तमान अध्यक्ष गिरीले बताउनुभयो ।

धुँवाधुलो र भत्किएको सडकका खाल्डोले सवारी दुर्घटना हुनुका साथै सवार ीसाधनले ढुङ्गा उछिट्याउँदा पसलमा क्षति पुग्ने गरेको स्थानीय रमेश श्रेष्ठले बताउनुभयो । कुश्मा नगरपालिका-५ का वडाध्यक्ष रामहरि शर्माले आफ्नो वडामा आउने बजेटले सडक निर्माण सम्भव नभएको बताउनुभयो ।

पूर्वाधार विकास कार्यालयलाई धेरै पटक मौखिक र लिखित रूपमा बजेट विनियोजनका लागि आग्रह गरे पनि सुनुवाई नभएको उहाँको गुनासो छ । पूर्वाधार विकास कार्यालय पर्वतले यो वर्ष सडक निर्माण गर्न बजेट नभएकाले सम्भव नरहेको जनाएको छ।

सडक निर्माणका लागि आगामी आर्थिक बजेटमा समेटिने गरी योजना प्रस्ताव गरी पठाएको कार्यालय प्रमुख सन्तोष अर्यालले जानकारी दिनुभयो ।

# ७२ जिल्लामा फैलियो डेङ्गी

**रासस**
काठमाडौं, २६ जेठ

मनसुन लागेसँगै डेङ्गी सङ्क्रमण देखिन थालेको छ । जुनदेखि अगस्टसम्म (असार-भदौ) सम्मलाई डेङ्गी सङ्क्रमणको जोखिम कायम रहने महिनाको रूपमा लिइन्छ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडिसिडी) को तथ्याङ्कअनुसार जनवरी १ देखि जुन ८ सम्म एक हजार दुई सय ५५ केश भेटिएका छन् भने ७२ वटा जिल्लामा डेङ्गी सङ्क्रमण पुष्टि भइसकेको छ । सबैभन्दा धेरै सङ्क्रमितको सङ्ख्या काठमाडौँमा देखिएको छ। काठमाडौँमा एक सय ३२, कास्कीमा ९०, सुनसरीमा ८७, चितवनमा ६१, पाल्पामा ५१, रुपन्देहीमा ४७, कञ्चनपुरमा ३७, दाङमा ३२ र भक्तपुरमा ३० वटा केशहरू रिपोर्ट भएका छन् ।

इडिसिडीका कीटजन्य रोग नियन्त्रण शाखाका प्रमुख डा गोकर्ण दाहालले डेङ्गीलाई शून्यमा नै ल्याउने र डेङ्गी गराउने लामखुट्टे सखाप नै पार्न भन्ने अवस्था सिर्जना गर्न नसकिएता पनि नियन्त्रण भने गर्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो, “डेङ्गीको सङ्क्रमण र मृत्युदर घटाउन सकिन्छ। यसका लागि सबै जनाको समन्वय आवश्यक हुन्छ । नागरिक, समुदाय, सरकारी-गैरसरकारी संस्था सबैले हातेमालो गर्नुपर्छ।”

डा दाहालले यो वर्ष मनसुन छिट्टै सुरु भएको र मौसमविद्ले पानी धेरै पर्न सक्ने आँकलन गरेकाले सङ्क्रमण बढ्न सक्ने सम्भावना रहने सक्ने बताउनुभयो। “यो वर्ष डेङ्गी सङ्क्रमण बढ्छ वा स्थिर रहन्छ भनेर आँकलन गर्न हामीसित भेक्टरको पर्याप्त तथ्याङ्क छैन । यद्यपि मनसुन केही अघि सुरु भएको र धेरै पानी पर्ने भनिएको हुनाले पानी जम्मा हुने र सञ्चित भएर बस्ने र लामखुट्टेको विकास हुने सम्भावनालाई नकार्न मिल्दैन”, उहाँले भन्नुभयो । डा दाहालका अनुसार सबैले डेङ्गी नियन्त्रणमा सबैले आआफ्नो ठाउँबाट बराबर सहभागिता जनाए तीनै तहले डेङ्गी नियन्त्रणसम्बन्धी आवश्यक कार्यक्रम डेङ्गी सङ्क्रमण र यसबाट मृत्यु हुने दर पनि कम गर्न सकिन्छ।

डेङ्गी एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो । डेङ्गीबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । यसबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नाले पानी जम्मा गरी राखिएका पानीको ट्याङ्की, ड्रम, गाग्री, बाल्टिनलाई लामखुट्टे छिर्न नपाउने गरी राम्रोसँग छोपेर राख्ने, आफ्नो घर वरपर, कार्यस्थल र सार्वजनिक स्थानमा फाएिका काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, टिका बट्टा, प्लास्टिकजन्य वस्तुहरू तथा पानी जन्म नसक्ने अन्य भाँडा तथा सामग्रीलाई पानी नजम्ने गरी व्यवस्थापन गर्न विज्ञको आग्रह छ।

# माथिल्लो म्याग्दी-१ जलविद्युत् आयोजना निर्माण धमाधम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

धवलागिरि र मालिका गाउँपालिकामा निर्माणाधीन ५३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो म्याग्दी-१ जलविद्युत् आयोजनाको आउटलेटबाट हेडरेस सुरुङ निर्माण थालिएको छ । आयोजनाको विद्युत्गृह रहने मालिका गाउँपालिका-७ भारबाङस्थित आउटलेटतर्फबाट सुरुङ खन्न सुरु गरिएको हो।

सुरुङ खन्ने कामको शुभारम्भ गर्दै मालिका गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले आयोजनाको निर्माणकार्यमा आवश्यक उपकरण र जनशक्ति परिचालन गरी निर्धारित समयभित्रै आयोजनाको काम सम्पन्न गर्न आग्रह गर्नुभयो। योसँगै यस आयोजनामा चार ठाउँबाट सुरुङ खन्ने काम भइरहेको छ । यसअघि आयोजनाको बाँधस्थल धवलागिरि गाउँपालिका-४ खाम्ला र छहरीको अडिटबाट दुईतर्फ सुरुङ खन्ने काम भइरहेको छ । अडिटतर्फबाट निर्माण भइरहेको सुरुङ र आउटलेटबाट सुरु भएको सुरुङ एक किलोमिटर ८६५ मिटर लामो हुने आयोजना प्रमुख ज्योतिकुमार केसीले बताउनुभयो । उहाँका अनुसार, यस आयोजनामा बाँधबाट विद्युत्गृहसम्म पाँच किलोमिटर सात सय मिटर सुरुङ निर्माण हुनेछ।

म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाले धवलागिरि-४ खाम्लामा म्याग्दी नदीको पानीलाई सुरुङमा छिराउन १५ मिटर अग्लो र ४० मिटर लामो बाँध निर्माण गरिरहेको छ । विसं २०८० चैत १९ मा सम्झौता र २०८१ वैशाख २८ गते कार्यक्षेत्रमा परिचालित भएको सिभिल ठेकेदार लुना बिल्डर्स एन्ड कन्ट्र्याक्टरले निर्माणस्थलमा पर्याप्त मात्रामा जनशक्ति निर्माण सामग्री र उपकरणको बन्दोबस्त मिलाएको आयोजना प्रमुख केसीले जानकारी दिनुभयो । विसं २०८३ फागुनभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित बाँधसँगै सुरुङ र विद्युत्गृह निर्माणको कामलाई तीव्रता दिएको आयोजनाले जनाएको छ।

छहरीको १९८ दशमलव ९० मिटर लामो अडिट सुरुङ, बाँधतर्फबाट सुरु गरिएको ७६ दशमलव ५४ मिटर लामो सुरुङ र अडिटबाट थप एक किलोमिटर २७० दशमलव ६७ मिटर मुख्य सुरुङ निर्माण भइसकेको छ । आयोजनाको बाँधस्थलतर्फ २० प्रतिशत भौतिक प्रगति भएको छ।

सानिमा बैंकको नेतृत्वमा छवटा बैंकको ऋण, प्रवर्द्धक कम्पनी र सर्वसाधारणको सेयरमार्फत जुटाइने रु ११ अर्ब २३ करोड २७ लाख लगानीमा निर्माण हुने आयोजनाको विद्युत्गृह मालिका-७ भारवाङमा रहनेछ । भारवाङबाट एक दशमलव पाँच किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन बनाएर नेपाल विद्युत् प्राधिकरणले मालिका-७ डाडाखेतमा निर्माण गरिरहेको एक सय ३२ केभी क्षमताको सबस्टेशनबाट यस आयोजनाबाट वार्षिक औसत ३१५ दशमलव ०१ गिगावाट घण्टा विद्युत् केन्द्रीय लाइनमा जोडिने छ।

# सामी परियोजना विस्तार

**रासस**
म्याग्दी, २६ जेठ

म्याग्दीका थप तीन वटा स्थानीय तहमा सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयन हुने भएको छ । वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउन स्वीस सरकारको आर्थिक सहयोगमा सङ्घीय, गण्डकी प्रदेश सरकार र जिल्ला समन्वय समिति म्याग्दीको समन्वयमा आर्थिक वर्ष २०७९/८० देखि बेनी नगरपालिका र मङ्ला गाउँपालिकामा परियोजना सञ्चालन भएको छ।

आगामी आर्थिक वर्ष २०८२/८३ देखि धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकामा परियोजना सञ्चालन गर्न लागिएको आइतबार बेनीमा आयोजित कार्यक्रममा जानकारी गराइएको हो । परियोजनाका गण्डकी प्रदेश कार्यक्रम अधिकृत उमा पौडेलले परियोजना अन्तरगत जिल्ला प्रशासन कार्यालयमा सहायता कक्ष सञ्चालन गरेर राहादानी (भिसा) बनाउन आएका व्यक्तिलाई वैदेशिक रोजगारीमा जानुअघि, विदेशमा काम गर्दा र फर्कदा आइपर्ने कानुनी ज्ञान र विधिका बारेमा जानकारी गराउनाका साथै ठगी, उद्धार, राहत, विदेशबाट शव ल्याउन, क्षतिपूर्ति र बिमा सुविधाका लागि सहजीकरण गरिएको जानकारी दिनुभयो।

चालु आर्थिक वर्ष २०८१/८२ को साउनदेखि जेठ तेस्रो हप्तासम्म चार हजार आठ सय १२ जनालाई परामर्श उपलब्ध गराइएको छ । वैदेशिक रोजगारीमा अङ्गभङ्ग वा बिरामी भएका ३४ जनाका आश्रितलाई रु एक करोड दुई लाख ४० हजार र ६३ जना सन्तानको शिक्षाका लागि रु आठ लाख १२ हजार छात्रवृत्ति उपलब्ध गराएको छ।

वैदेशिक रोजगारीमा गएका र समस्यामा फसेका वा उतै मृत्युवरण गरेका आप्रवासीका परिवारलाई कानुनी सहायता लिने विधिसम्बन्धी परामर्श दिनका लागि सहायता कक्षमा दुईजना कर्मचारी परिचालन गरिएको छ।

वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि आप्रवासीहरुले व्यहोर्नुपर्ने सास्ती, झन्झट र समस्या न्यूनीकरण गर्न आप्रवासी स्रोत केन्द्रबाट मनोसामाजिक परामर्श सेवा पनि दिन थालिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताउनुभयो।

लक्षित वर्गले सही सूचना पाउनुका साथै श्रमिक तथा परिवारको आर्थिक सामाजिक सुदृढीकरण एवं सीप र उद्यमशीलतामा पहुँच बढाउन सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई परिचालन गर्ने तयारी गरेको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताउनुभयो। बेनीका प्रकाश कुँवरले वैदेशिक रोजगारीमा जानका लागि म्यानपावर कम्पनीलाई बुझाएको रकम र राहदान आप्रवासी सहायता कक्षको समन्वयमा फिर्ता पाउँदा काठमाडौँ जान, आउन हुने खर्च बचत र झञ्झटबाट मुक्त भएको बताउनुभयो । राहदानी बनाउन आएका व्यक्तिलाई वैदेशिक रोजगारीमा जानुअघि, विदेशमा काम गर्दा र फर्कंदा आइपर्ने कानुनी ज्ञान र विधिका बारेमा जानकारी गराउनाका साथै ठगी, उद्धार, राहत, विदेशबाट शव ल्याउन, क्षतिपूर्ति र बिमा सुविधाका लागि सहजीकरण गरिएको कक्षका सूचना तथा परामर्शकर्ता प्रमिला पौडेलेले बताउनुभयो।



गुफामा आन्तरिक तथा बाह्य पर्यटक :
पर्यटकीय राजधानी पोखराको छोरेपाटनस्थित गुप्तेश्वर गुफामा सोमबार आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो । पोखरामा आयोजित गण्डकी शत कुण्डीय कोटिहोमको कारण यस क्षेत्रमा आन्त्रिक पर्यटकको संख्यामा वृद्धि भएको हो । तस्बिरः हरिप्रसाद बास्तोला/रासस

# पालिकाको अनुदानमा किसानलाई यान्त्रिक हलो वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ जेठ

म्याग्दीको धवलागिरि गाउँपालिकाले कृषकलाई ५० प्रतिशत अनुदानमा ५३ वटा मिनिटिलर (यान्त्रिक हलो) वितरण गरेको छ।

कृषिमा लागत घटाउन र सहज बनाउन पाँच वटा वडा कार्यालयले सङ्कलन गरेर छनोट र सिफारिस गरेका कृषकलाई यान्त्रिक हलो वितरण गरेको हो। ठेक्का प्रतिस्पर्धामार्फत प्रतिमिनिटेलर रु २९ हजार ७५० मा खरिद गरेर वितरण गरेको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको जिन्सी शाखाका प्रमुख रमेश शर्माले प्रतिमिनिटेलर कृषकले रु १४ हजार ८७५ मात्र लगानी गरेका र ५० प्रतिशत गाउँपालिकाले व्यहोरेको जानकारी दिनुभयो। वडा नं २ लुलाङमा ११, वडा नं ३ मुनामा सात, वडा नं ४ मुदीमा ६, वडा नं ६ मराङमा ७ र वडा नं ७ ताकममा २२ वटा मिनिटेलर हलो वितरण गरिएको उहाँले जानकारी दिनुभयो। वडा नं १ गुर्जा र वडा नं ५ मल्कवाङका कृषकले भने मिनिटेलर माग गरेका थिएनन्।

शनिबार मुनिस्थित गाउँपालिकाको कार्यालयमा अध्यक्ष प्रेमप्रसाद पुनले कृषकहरुलाई मिनिटेलर वितरण गर्नुभएको थियो । खेतबारी खनजोतका लागि हलगोरुको विकल्पमा यान्त्रिक हलो प्रयोग गर्ने चलन बढेको छ। गोरु पाल्न झञ्झट हुने, मिनिटेलरबाट छिटो खेतबारी खनजोत गर्न सकिने भएकाले कृषकको यसप्रति आकर्षण बढेको धवलागिरि गाउँपालिकाका कृषि प्राविधिक आश्विन खत्रीले जानकारी दिनुभयो।

मिनिटेलर खरिदका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु नौ लाख बजेट विनियोजन गरेको थियो।

गाउँपालिकाको केन्द्र मुनामा मिनिटेलर ट्र्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन भएको छ। उद्योग तथा पर्यटन कार्यालय म्याग्दीको आयोजनामा सञ्चालन भएको १० दिने तालिममा २० जनाको सहभागिता छ। गाउँघरमै ट्र्याक्टर मर्मत गर्नसक्ने दक्ष जनशक्ति तयार पार्न तालिम सञ्चालन गरेको कार्यालयले जनाएको छ।

# बुर्तिबाङलाई नयाँ सहर बनाउने कार्य सुस्त गतिमा

**डम्मर बुढामगर**
बागलुङ २६ जेठ/रासस

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गमा दश नमूना सहर बनाउने सरकारको आयोजनाअनुसार बागलुङको बुर्तिबाङमा पनि काम भइरहेको छ।

बुर्तिबाङलाई नयाँ सहर बनाउन २०६९ सालमा घोषणा गरिएको थियो । आर्थिक वर्ष २०७२/७३ मा सरकारले बजेट विनियोजन नै गरेर काम अगाडि बढाएको थियो । आयोजनाको काम सुरु भएको १२ वर्षसम्म पनि अपेक्षाकृत रूपमा काम हुनसकेको छैन । २०६९ साल अगाडि नै बुर्तिबाङमा बजारको रूपमा स्थापित थियो। त्यसलाई थप व्यवस्थित गर्दै जाने भनिए पनि पर्याप्त बजेट नआउँदा र आएको सबै बजेटलाई पूर्ण रूपमा कार्यान्वयन गर्न नसक्दा काममा ढिलासुस्ती भएको देखिन्छ । विसं २०६९ देखि २०९० सम्म आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य थियो। आयोजान सुरु भएदेखि हालसम्म रु ७८ करोड बढी रकम सरकारले विनियोजन गरेको छ । त्यसमध्ये रु ५० करोडमात्र खर्च भएको छ। नयाँ सहर आयोजनाले अझै थुप्रै पूर्वाधारका क्षेत्रमा काम गर्न बाँकी नै छ।

आयोजनाले हालसम्म १६ दशमलव तीन किलोमिटर सडक ढलान, छ दशमलव तीन किलोमिटर नाला निर्माण, पाँच किलोमिटर नयाँ सडक ट्र्याक निर्माण, एउटा सभाहल, कुतथ्याप्लामा एकीकृत भवन, मनोरञ्जन पार्क निर्माण, दुई ७२ स्थानमा सौर्यबत्ती जडान, ५६ रोपनी जग्गा खरिद गरेको आयोजना कार्यालय सूचना अधिकारी कोमल शाहले जानकारी दिनुभयो । अहिले बसपार्क र टर्मिनल भवन निर्माणको भइरहेको उहाँको भनाइ छ । विनियोजित रकम खर्चका आधारमा पाँच प्रतिशतमात्र काम भएको उहाँले बताउनुभयो।

हाल तारीखेतबाट कुत्थ्याप्ला पहुँचमार्ग, पार्क निर्माण, कर्वडहलबाट दुलेसम्मको सडक र भब्रेटामा खेलकुद मैदान निर्माण भइरहेको छ । बुर्तिबाङ बजार जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र र नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनको प्रवेशद्वार हो । बजार क्षेत्रमा सवारी चाप बढ्दै गए पनि सडकको अवस्था पुरानै छ । नयाँ सहरका रूपमा निदृष्ट क्षेत्रमा कालोपत्र सडक निर्माण, व्यवस्थित विद्युतीकरण, खानेपानी, ढलनिकासीलगायतको प्रबन्ध, उद्यान, खेलमैदान, मनोरञ्जनस्थल, हाटबजारलगायत पूर्वधार निर्माण हुनुपर्ने भए पनि अझै धेरै काम गर्न बाँकी रहेको सूचना अधिकारी शाह बताउनुहुन्छ।

यो आयोजानाका लागि रु एक अर्ब समेत विनियोजन भएको छैन। सरकारले हालसम्म आव २०७२/७३ मा रु चार करोड ४७ लाख, आव २०७३/७४ मा रु आठ करोड २२ लाख, आव २०७४/७५ मा रु १६ करोड ४० लाख, आव २०७५/७६ मा रु १३ करोड छ हजार, आव २०७६/७७ मा रु सात करोड ५७ लाख, आव २०७७/७८ मा रु छ करोड ७३ लाख, आव २०७८/७९ मा रु १२ करोड छ लाख, आव २०७९/८० मा रु १८ करोड ३३ लाख, आव २०८०/८१ मा रु सात करोड ३३ लाख तथा चालु आवमा रु नौ करोड ९५ लाख विनियोजन भएको थियो।

हरेक वर्ष बजेटको आकार घटबढ हुँदा लक्ष्यअनुसार काम गर्न नसकेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ । बर्सेनि करोडौँको बजेट नयाँ सहरका लागि आए पनि सोचेअनुसारको काम नभएको स्थानीय कुलमबहादुर घर्तीले बताउनुभयो । आयोजना कार्यालयले फाट्टफुट्ट कम गरे पनि देखिने गरी नभएको उहाँको भनाइ छ। आम नागरिकले बढी प्रयोग गर्ने सडक, खानेपानी र बसपार्क भएको भन्दै ती कुनै पनि पूर्वाधार व्यवस्थित नभएको घर्तीले सुनाउनुभयो।

उहाँले भन्नुभयो, “१०-१२ वर्ष भयो यो नयाँ सहरको काम सुरु भएको तर अहिलेसम्म गतिलो संरचना बनेको देखिँदैन, बुर्तिबाङ बजारमा अहिले पनि पहिलेकै साँघुरो सडक छ, ओहोरदोहोर गर्न गाह्रो छ, साँघुरो सडकमा जोखिम मोलेर यात्री हिँड्छन्, फोहर व्यवस्थापन पनि हुनसकेको छैन, काम गरेपछि त केही फरकपन हुनुपर्ने हो, तर खासै केही परिवर्तन भएको छैन ।” अझै चुरेलावासमा पुल, खेलमैदान, सडक, हाटबजार, शीतभण्डार निर्माणलगायतका संरचना निर्माण गर्न बाँकी रहेको नयाँ सहर आयोजना कार्यालयले जनाएको छ।